# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

## समवेदना

अविरल वर्षापछि आएको पहिरोका कारण शुक्रबार बिहान सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका-२, लिदीमा १३ घर पुरिँदा ठूलो मानवीय र धनमालको क्षति भएको छ। उक्त पहिरोमा परी ७ जनाको मृत्यु र झण्डै तीन दर्जन बेपत्ता भएको घटनाले मलाई स्तब्ध बनाएको छ।

उक्त घटनामा बेपत्ता हुनुभएकाहरुको खोजी र उद्दार कार्यमा जुट्न पार्टीका नेता तथा कार्यकर्ता, युवा, स्थानीय बासिन्दा, जनप्रतिनिधि, स्वयम्सेवी र सुरक्षाकर्मीलाई आव्हान गर्दछु। पहिरोमा परी घाइते हुनुभएकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

त्यसैगरी कालीकोट जिल्लाको महावै गाउँपालिकामा गएराति आएको पहिरोमा परी एकै परिवारका ६ जनाको मृत्यु भएको छ भने मकवानपुरमा पनि एक जनाको मृत्यु भएको छ। सिन्धुपाल्चोक, कालीकोट र मकवानपुर जिल्लामा पहिरोमा परी मृत्यु हुनुभएकाहरुमा पार्टीको तर्फबाट श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु।

बर्षायाममा पहाडी भेगमा हुने गरेका यसप्रकारका घटनाहरुको न्यूनीकरणका लागि दीर्घकालिन समाधान खोज्न र यस्ता क्षेत्रको विकासका लागि छुट्टै मोडलको योजना तर्जुमामा ध्यान पुर्याउन सम्बन्धित सबैमा अपील गर्दछु।

*३०, श्रावण २०७७*

..........................................

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np